जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४० अंक १ २०७८ साल साउन १० गते आइतवार (25 July 2021 Sunday) मूल्य रु. ७/-

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

- टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
- काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
- अनावश्यक खर्च गर्ने लगायत लागूऔषध दुर्व्यसनीका लक्षणहरु हुन सक्छन

यस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : सावधानी अपनाऔं, ... पृष्ठ ३ मा : भूमि आयोग : सुकुमबासी ... पृष्ठ ५ मा : चन्द्र नहरको बाँध कटान हुँदा ... पृष्ठ ६ मा : मानवअधिकार समिति ....

## प्रदेश सरकारद्वारा विभिन्न मेशिनरी औजार तथा उपकरण वितरण

# कृषि क्षेत्रलाई आधुनिकीकरण गर्ने उद्देश्यले उपकरण बितरण : कृषि मन्त्री साह




**राजविराज**/सप्तरीका किसानहरुलाई कृषि क्षेत्रलाई आधुनिकीकरण गर्दै उत्पादन बढाउने उद्देश्यले प्रदेश २ सरकारले मेशिनरी औजार तथा उपकरण वितरण गरेको छ।

राजविराजमा शुक्रबार आयोजित एक कार्यक्रममा प्रदेश २ का भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले औजार र उपकरण बितरण गर्दै किसानलाई प्रविधी मैत्री बनाई उनीहरुको जिवनस्तरमा सुधार ल्याउने उद्देश्यले प्रदान गरिएको बताए।

कृषि उपकरण वितरण गर्दै मन्त्री साहले उक्त कृषि उपकरणले कृषि पेशमा लागेका कृषकलाई सहज हुनुका साथै उत्पादनमा बृद्धि हुने विश्वास ब्यक्त गरे।

मन्त्री साहले उक्त कृषि उपकरणले कृषि पेशमा लागेका कृषकलाई सहज हुनुका साथै उत्पादनमा बृद्धि हुने विश्वास ब्यक्त गर्दै कृषिमा यान्त्रिककरण गर्दा लागत कम हुने र कृषि मजदुरको आभाव झेलीरहेका कृषकलाई सहजताका साथै मुनाफा बढाउन पनि मद्दत पुग्ने बताए।

प्रदेश सरकारले कृषि क्षेत्रलाई आफ्नो नीति तथा कार्यक्रममा विषेश प्राथमिकता दिएको बताउँदै मन्त्री साहले वितरण समाग्रीमा केही नि:शुल्क र केहीमा २५ देखी ७५ प्रतिशत सम्म प्रदेश सरकारले अनुदान उपलब्ध गराएको जानकारी समेत दिए।

जिल्लाका १ सय ६० जना कृषकहरुलाई इलेक्ट्रीक च्याफ्कटर १ सय १६, मिनी टिलर १, एरिएटर ६, डिप फ्रिज १०, पानी तान्ने पम्प ९ पानी तान्ने मोटर ५ सर्वम शिवल पम्प ३ र चिलिंग भ्याट १० थान लगायतका समाग्री बितरण गरिएको हो।

यस्तै जिल्लामा कृषकलाई यान्त्रिक र आधुनिकीकरण गर्ने उद्देश्यका साथ प्रदेश सरकार पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय जनकपुरको समन्वयमा कृषि उपकरण वितरण गरिएको निर्देशक जागेश्वर यादवले बताए।

कार्यक्रममा जनता समाजवादी पार्टी प्रदेश २ का मुख्य सचिव शम्भु झा, जिल्ला इन्चार्ज सत्य नारायण यादव, पत्रकार महासंघ सप्तरीका सभापती श्रवण देव लगायतले बोल्दै वितरण गरिएको उपकरणले कृषि मजदुर अभावको समस्या न्युनिकरण गर्नूका साथै कृषि, पशु तथा मत्स्य क्षेत्रमा लाग्न युवाहरुलाई प्रेरित गर्ने विश्वास ब्यक्त गरे।

## आगलागीमा मोटरसाईकल जलेर नष्ट

**सिरहा**/सिरहा नगरपालिकामा शुक्रबार आगलागी हुँदा एउटा मोटरसाइकल जलेर नष्ट भएको छ।

सिरहा नगरपालिका २ निवासी राजकुमार मलिकको मोटरसाइकल राख्ने घरमा आगलागी हुँदा पार्किङ्ग गरी राखिएको स. ८ प. ३२४१ नम्बरको मोटरसाइकल जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

आगलागीबाट घरमा समेत क्षति पुगेको प्रहरीको भनाई छ। आगलागीको कारण अझै नखुलेको र घटना विषयमा थप अनुसन्धान जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## तेस्रो लहरप्रति सचेत रहन आग्रह

**काठमाडौं**/स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमणको तेस्रो लहर आउनसक्ने भएकाले सचेत रहन आग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले निषेधाज्ञा खुकुलो भएसँगै सङ्क्रमण दर बढ्दो देखिएकाले तेस्रो लहर आउनसक्ने जानकारी दिएका छन्।

तेस्रो लहर आउनसक्ने भएकाले सबै स्वास्थ्य सङ्घसंस्थालाई अक्सिजन,

*बाँकी अन्तिम पृष्ठमा*

## कृषि मन्त्री साहद्वारा पत्रकार महासंघलाई एक लाख सहयोग



**राजविराज**/प्रदेश २ का भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले नेपाल पत्रकार महासंघ शाखा सप्तरीलाई आर्थिक सहयोग प्रदान गरेका छन्।

पत्रकार महासंघको कार्यालयमै पुगेर मन्त्री साहले एक लाख रुँपैयाको चेक शाखाका अध्यक्ष श्रवण देवलाई हस्तान्तरण गरेका हुन्।

मन्त्री साहले विपद र संकटका बेला पत्रकारहरुलाई सानै भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले व्यक्तिगत रुपमा सहयोग गरेको बताए। उनले आफूले पत्रकारको पीडा नजिकबाट बुझेको बताउँदै आफ्नो क्षमताले भ्याएसम्म भविष्यमा पनि सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

मन्त्री साहले केहि दिन अगाडि महासंघलाई सहयोग गर्ने वाचा गरेका थिए। सोही वाचा उनले शनिबार पुरा गरेका हुन्। विगतमा पत्रकारिता समेत गर्दै आएका उनी महासंघका सदस्य समेत हुन्।

*बाँकी अन्तिम पृष्ठमा*

## सप्तरी काँग्रेस सभापतिका लागि आकांक्षी बढ्दै




**राजविराज**/नेपाली काँग्रेसको जिल्ला अधिवेशन यही आउँदो साउन २६ गते हुँदैछ। अधिवेशनको समय नजिकिदै जाँदा जिल्ला सभापतिका आकांक्षीहरु बढ्दै गएका छन्।

जिल्लामा नेतृत्वका लागी हालसम्म १३ जनाले आफ्नो उम्मेदवारी घोषणा गरिसकेका छन्। पछिल्लो पटक उम्मेदवारी घोषणा गर्नेहरुमा नन्द किशोर यादव, भगवती प्रसाद यादव, रामु यादव र महेन्द्र प्रसाद यादव छन्।

यसअघि देउवा पक्ष मानिएका शत्रुघन प्रसाद यादव, निर्मला कुमारी यादव, फत्तेहमहमद, राम प्रसाद मण्डल र ललन प्रसाद गुप्ताले उम्मेदवारी घोषणा गरिसकेका छन्।

यस्तै पौडेल पक्ष मानिएका रामदेव साह, बद्री माहात्मान, नारायण प्रसाद चौधरी तथा आफुलाई दुबै पक्षका भन्न रुचाउने वर्तमान कार्यसमितीका सचिव रामकुमार यादवले पनि यस अघि नै उम्मेदवारी घोषणा गरिसकेका छन्।

काँग्रेसको वडा र पालिका स्तरको अधिवेशनको मिती केही हेरफेर गरिएपनि जिल्ला अधिवेशन तोकेकै मिति साउन २६ गते हुने तय भएको काँग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिएका छन्।

जिल्ला अधिवेशनले सभापतीसहित दुई उपसभापति, दुई सचिव र दुई सहसचिवको निर्वाचन गर्नेछन्। कार्यसमितिमा प्रत्येक पालिकाबाट सदस्य निर्वाचित हुने छन्। यस्तै निर्वाचित सदस्यमध्येबाट एक जनालाई सभापतीको प्रस्तावमा जिल्ला कार्यसमितिले कोषाध्यक्ष पदमा चयन गर्ने ब्यवस्था छ।

कार्यसमितिमा महिला, दलित, आदीवासी, जनजाती, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट जनसंख्याका आधारमा सामानुपातिक रुपमा सदस्यहरु निर्वाचित हुने छन् भने सभापतीले कुल संख्याको २० प्रतिशत सदस्य मनोनित गर्न पाउने छन्।

काँग्रेसमा नेतृत्व चयन गर्न क्रियाशिल सदस्यहरु नै मतदाता रहने प्रावधान छ। वडामा रहेका क्रियाशिल सदस्यहरु मध्येबाट चुनिएका प्रतिनिधि पालिका, प्रदेश, प्रतिनिधिसभा क्षेत्र र जिल्लाको नेतृत्व चयन गर्नेछन्। सप्तरीमा काँग्रेसको करिब १८ हजार क्रियाशिल सदस्य छन्।

## सम्पादकीय

### हामी ४० औं बर्षमा

आजदेखी हामी ४० औं वर्षमा प्रवेश गरेका छौं । यस अवधीमा हामीले धेरै सामाजिक, राजनीतिक उथलपुथल हेरेका छौं । तै पनि लगातार ३९ वर्षदेखी जिल्लाको सबै भन्दा पुरानो अखबारको रुपमा निरन्तरता दिनुनै ठूलो कुरा हो । यस अवधीमा दर्जनौं अखबारहरु प्रकाशनमा आए अनि बन्द भए तर, नवीन साप्ताहिकले आफ्नो छुट्टै पहिचान बनाएर निरन्तर प्रकाशन भइरहेको छ ।

पत्रकारिता क्षेत्रमा यतीको लामो समयसम्म आफ्नो पहिचान कायम राख्न सफल यस अखबारलाई पाठकहरुले मन चाहेको समयमा इन्टरनेट मार्फत समेत पढ्न सक्ने व्यवस्था मिलाएका छौं । अहिलेको वर्तमान समयमा संचारमाध्यममा व्यापक प्रतिस्पर्धा भइरहेकोमा अखबारलाई नेटमा राखिएको हो ।

तसर्थ चार दशकको यस यात्रा सम्म निरन्तर सहयोग गरिरहने पाठक वर्ग तथा शुभेच्छुकहरुबाट थप सल्लाह सुझावको अपेक्षा राखेका छौं । आगामी दिनहरुमा स्वच्छ, निष्पक्ष, सत्यतथ्य समाचार सम्प्रेसन गर्ने प्रतिबद्धताका साथै पाठक, विज्ञापनदाता, शुभेच्छुकसहित सहयोग गर्ने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद दिन चाहन्छौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सावधानी अपनाऔं, घातक तेस्रो लहरलाई पनि परास्त गर्नुछ

नेपालमा अझै कोभिडको जोखिम कायम रहँदा रहँदै पनि सावधानीपूर्वक दैनिक जीवन सुचारु गर्ने आह्वानका साथ सरकारले लकडाउन खुकुलो बनाएको छ । शायद् यो सरकारका लागि बाध्यता थियो र जनताका लागि आवश्यकता पनि। निश्चय पनि असार महिना सरकारको लागि आर्थिक कारोवार सक्रिय हुने महिना हो -हिसाब किताव फर्छ्यौट हुने, बजेट निर्माण हुने, बढी कर सङ्कलन हुने हुँदा खुल्ला गरिएको हुनसक्छ । यो आलेख तयार गर्दै गर्दा नेपालको राजनीति तरङ्गित अवस्थामा पुगेको खवर आइरहेको छ । नयाँ सरकार गठनका लागि हुने भेला उत्सव र भेटघाटले संङ्क्रमण सक्रियतामा कस्तो असर पार्ला सहजै अनुमान लगाउन सकिन्छ ।

कोभिड-१९ को खतरा अझै टरेको छैन । यद्यपि अस्पतालमा भर्ना हुन पर्ने, गम्भीर अवस्था, मृत्यु दरमा केही कमी देखिएको छ तर यी नयाँ घटनाहरूमा गिरावट मुख्यतया अपर्याप्त परीक्षण र ट्रेसिंगको कारणले भएको हुन सक्छ । समयमा सजग नरहे तेस्रो लहरले भयावह अवस्थाको सामना गर्नुपर्ने ठुलो सम्भावना देखिन्छ । ३ करोड जनसंख्याको ९ प्रतिशत कम खोपको कभरेज र २.६ प्रतिशत जनसंख्याले खोपको दुवै डोज पाएको हाम्रो देशमा तेस्रो लहर अत्यन्तै घातक हुने अनुमान यी अंकडाले पनि पुष्टि गर्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार कोभिड-१९ को अवस्था विश्वव्यापी रूपमा अझैसम्म खतरा भई फैलिनुका प्रमुख ४ कारणहरू रहेका छन् ।:

१. भाइरस को बदलिँदो भेरियन्टस् २. बढ्दो सामाजिक मिश्रण र मान्छेको गतिशीलता ३. सार्वजनिक स्वास्थ्य र सामाजिक उपायको अनुपयुक्त प्रयोग ४. खोप असमानता ।

भारतमा प्रभाव पारेको भाइरसको तेस्रो लहरले नेपालमा पनि असर पार्ने सम्भावना देखिन्छ । यदि हामी यो कोभिड-१९ को संक्रमणलाई समयमा सावधानी अपनाएर नियन्त्रण गर्न सकेनौं भने, अहिले भारतमा आउने अनुमान गरिएको तेस्रो लहर नेपालको भविष्यको डरलाग्दो पूर्वावलोकन हो जसले धेरैको ज्यान लिन सक्छ । बच्चाहरू यो भाइरसको सबैभन्दा जोखिममा पर्ने अनुमान गरिएको छ । जब दोस्रो छाल चरम सीमामा थियो, ०-९ र १०-१९ वर्ष बीच भाइरस संक्रमितको संख्या द्रुत गतिमा बढेको थियो । खोप १८ बर्ष भन्दा माथिका मानिसहरूलाई मात्र लगाएको हुनाले बच्चाहरू भाइरसबाट सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ । संक्रमणको पहिलो र दोस्रो लहरमा वयस्कहरूको जनसंख्यामा बढी ध्यान केन्द्रित गरिएकोले तेस्रो लहरको तयारी गरिरहँदा बच्चालाई पनि उपचार गर्न तयार हुन सम्बन्धित एजेन्सीहरूलाई सचेत गराउनु आवस्यक देखिन्छ ।

नेपाल कोभिड-१० को दुई फरक लहरबाट ग्रसित भइसकेको छ । पहिलो लहर सेप्टेम्बर २०२० मा चरम अवस्थामा पुगेको थियो भने दोस्रो लहर अप्रिल २०२१ मा सुरु भएर मे २०२१ मा बढ्दो रुपमा फैलिएको थियो । महामारीको दोस्रो लहरमा अपर्याप्त तयारीको कारणले विनाशकारी प्रभाव देखियो । धेरै जसो काठमाडौं र देश भरका अस्पतालहरुमा बेड र अक्सिजनको सिलिन्डर लगायत आईसीयू सुविधाको अभावको कारण बिरामीहरुले निरन्तर संघर्ष गरिरहनु पर्यो ।

संक्रमित बिरामीलाई (घर-आधारित वा संस्था-आधारित) सख्त नियमहरु र निगरानीमा राखी स्थानीय सरकार मार्फत पूर्ण रूपमा कार्यरत हुनुपर्दछ । संक्रमित बिरामीलाई खाना, पिउने पानी, बारम्बार स्वास्थ्य जाँच र औषधिसहित सबै आवश्यक सुविधाहरूको साथ आइसोलेसन केन्द्रहरूमा राख्ने व्यवस्था मिलाउनु पर्छ । वर्तमान समयको आवश्यकता भनेको कुनै पनि माध्यमबाट कोभिड-१९ भ्याक्सिनको व्यवस्था तेस्रो लहरको थालनी हुनुभन्दा पहिले मिलाउनु हो । कोभिड-१९ खोप कार्यक्रम सफलतापूर्वक कार्यान्वयन नहुँदासम्म सेनिटाइजर, मास्क प्रयोग र सामाजिक दूरी रणनीतिमा ध्यान केन्द्रित गर्नुपर्दछ जुन तात्कालिक प्रभावकारी रणनीति हो । खतरनाक भेरियन्टहरू प्रारम्भिक पहिचान गर्न र निगरानी, रोकथाम र केस व्यवस्थापन बृद्धि गर्न महत्वपूर्ण छ ।

नेपालले चीन र अमेरिकाबाट प्राप्त गरेका खोपहरु धमाधम प्राप्त भई भण्डारण गर्ने क्रममा छन् । हालै अमेरिकाबाट नेपाल जोन्सन एन्ड जोन्सन कम्पनीका १५ लाख ३४ हजार ८५० डोज खोप उपलध्ध गराइएको छ । एकपटक लगाए पुग्ने यो खोप १५ लाख ३४ हजारभन्दा बढी नेपालीलाई पूर्ण मात्रामा लगाउन पर्याप्त हुनेछ । थप खोप उपलब्ध गराउने प्रतिवद्धता आइरहेका छन् । यो पहल र प्राप्ती प्रयाप्त नभएपनि सन्तोषजनक छ । सरकारले रणनीतिक योजना बनाई कडा टाइमलाइन र आधिकारिक प्रतिबद्धताका साथ इच्छुक राष्ट्रहरूसँग सम्झौता गरि थप कोभिड खोपहरू उपलब्ध गराउनु आजको आवश्यकता हो ।

नियमित रूपमा भाइरस उत्परिवर्तन र भ्याक्सिनको अभावका कारण नेपालमा महामारीको तीव्र असरको सम्भावना देखिन्छ । निश्चय पनि हाम्रो जस्तो गाँस बास कपासका लागि निरन्तर सङ्घर्ष गर्नुपर्ने मुलुकका लागि लकडाउन जारी राख्नु एक व्यावहारिक विकल्प हुँदै होइन तर तेस्रो लहरको खतरा रहेको र सरकारको ठोस र दीर्घकालिन तयारी नभएको कारण तेस्रो लहर नेपालका लागि अधिक घातक हुनसक्दछ । स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गर्दै सावधानीपूर्वक जीवनशैलीलाई अनुशासित बनाएर महामारी परास्त गर्न हामी सबै सचेत बन्नु जरुरी छ । स्वास्थ्य खबरबाट

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# भूमि आयोग : सुकुमबासी समस्या समाधानको प्रयास



जगत देउजा

> सरकारले भूमि आयोग विघटन गर्ने कच्चा कार्य गर्ला जस्तो लाग्दैन । दुर्भाग्यवस त्यसो भयो भने लोकतन्त्रको फल गरिब नागरिकसम्म पुग्न नदिने सामन्त वर्गहरु खुसी हुनेछन् र लाखौं सुकुमबासीहरुमा ठूलो निराशा छाउनेछ ।

**१.परिवेश :**

नेपालको कुल भुभागको लगभग २८ प्रतिशत क्षेत्रफलमा मानिसको बसोवास र आवाद कमोत छ । यसमध्ये करीब ७५ प्रतिशत जमीनको कित्ताअनुसारको अभिलेख सरकारी रेकर्डमा छ । आवादी क्षेत्रको बाँकी २५ प्रतिशत जग्गामा लामो समयदेखि नागरिकको बसोबास एवं आवाद कमोत भए पनि सो क्षेत्रको नापनक्सा र दर्ता श्रेस्ता कायम छैन । यसो हुँदा नागरिकले आफूले लामो समयदेखि आवाद कमोत गरेको, बसोबास गरी आएको जग्गा भएर पनि सुरक्षाको अनुभूति गर्न सकेका छैनन् ।

जग्गाधनी प्रमाणपूजाको अभावमा त्यसको प्रयोगबाट हुन सक्ने सम्भावित आर्थिक लाभहरु लिन सकिने अवसरबाट बञ्चित हुनु परेको छ । त्यस्तो जग्गा सरकारी प्रणालीमा दर्ता नभएको र औपचारिक किनबेच हुने भएको कारण जग्गाबाट प्राप्त हुने राजस्व, रजिष्ट्रेसन दस्तुर, मालपोत आदि सरकारले गुमाइरहेको छ ।

भूमिहीनता अर्को जटिल समस्याको रुपमा रहेको छ । भूमिहीन दलित एवं भूमिहीन सुकुमबासीहरू पुस्तौंदेखि जमिनको स्वामित्वबाट वञ्चित छन् । उनीहरु कतिपय जोखिम स्थानमा बसोवास गर्न बाध्य छन् । विपद्को बढि मार खेप्नेहरु पनि उनीहरु नै छन् । गरिवीको रेखामुनि रहेका र जीविकोपार्जनका लागि ज्याला/मजदूरी गर्ने ठूलो सङ्ख्या यही वर्ग हो । भूमिहीन एवं सुकुमबासीहरूको व्यवस्थित लगत छैन । भूमि र सोको कानुनी हकबाट वञ्चित हुनुको असर गरिबी र हिंसा वृद्धिमा समेत परेको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुमबासी, अव्यवस्थित बसोबासी लगायतको सामाजिक न्याय र जीवनस्तर सुधारका लागि भूमिको समन्यायिक वितरण र दिगो व्यवस्थापन जरुरी छ । यो भूमि नागरिकको खाना, आवास र स्वतन्त्रता जस्ता मौलिक अधिकार सुनिश्चितताको आधार हो । भुइँ तहका नागरिकलाई लोकतन्त्रको अनुभूति गराउनुका साथै देशको समग्र आर्थिक तथा सामाजिक उन्नतिका लागि पनि लामो समयदेखिको भूमिसम्बन्धी समस्या निरूपण हुन आवश्यक छ ।

भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरवा/चरवा, हलिया, भूमिहीन, सुकुमबासी पहिचान गरी बसोबासका लागि घर/घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था छ । सँगै उनीहरूलाई पुनर्स्थापन गर्ने, भूमिको दिगो उपयोग र कृषियोग्य भूमिमा किसानको अधिकार सुनिश्चित गर्नेसमेत संविधानको भावनालाई मूर्त रूप दिन उपलब्ध जमिनको यथोचित वितरण र व्यवस्थापन आवश्यक छ । संविधानको यही व्यवस्थालाई मूर्त रुप दिन भूमि सम्बन्धी समस्याहरुलाई समाधान गर्नु अति आवस्यक भएको छ ।

भूमि स्रोतको उचित वितरण र व्यवस्थापनले गरीबी, विभेद, द्वन्द्व आदि कम गर्न र खाद्य सुरक्षाको लागि बलियो आधार दिन्छ । सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक गतिविधिमा भूमि स्रोतको प्रभाव महत्वपूर्ण छ । भूमिको हकले भूमिहीन र जोताहा किसानको तत्काल जीवन सुधार गर्न आवस्यक आजीविका अवसरहरू उपलव्ध गराउँछ । गरिव समुदाय मूलतः कृषि वा प्राकृतिक स्रोतमा निर्भर गर्दछन् । उनीहरुको मुख्य बाँच्ने आधार भनेको भूमि स्रोत हो । ग्रामीण गरिवी मुलतः भूमिमा कमजोर पहुँचका कारण हुने गर्दछ । भूमिमा पहुँच कम हुनेहरुको अन्य प्राकृतिक स्रोतको उपयोग पनि कमजोर नै हुने गर्दछ ।

**२. समस्या समाधानको प्रयास**

राज्यबाट भूमिहीन सुकुमबासीलाई जग्गा वितरणको शुरुवात वि.सं. २०१३ बाट भएको देखिन्छ । जसका लागि राप्तीदूनको जमिन वितरण नियम २०१३ लागु गरिएको थियो । त्यतिखेर वितरण गरेको जमिन सुकुम्वासीले भन्दा अन्य वर्गले बढि दर्ता गरेको पाईएपछि राप्तीदून विकास क्षेत्रको जमीनको विक्री वितरण व्यवस्था ऐन २०२४ जारी भयो । जसमा राप्तीदुनको जमीन वितरण नियम २०१३ बमोजिम बिक्री वितरण भएको जमीन उद्देश्य अनुसार नभएकाले पुन त्यस्ता जग्गालाई न्यायोचित रुपले बिक्री वितरण गर्न जारी गरिएको उल्लेख छ ।

त्यस्तै, झोडा क्षेत्रको समस्या सुल्झाउन झोडा क्षेत्रको जग्गा सम्बन्धी ऐन २०२८ जारी भएको थियो । झोडा क्षेत्रको जग्गामा बसोवास गर्दै आएका सुकुम्वासी परिवारलाई निजहरुले बसोबास एवं जोत कमोत गरी आएको जग्गा दर्ता गरिदिने र सरकारबाट लालमोहर, पट्टा बहाली इत्यादिबाट अख्तियार पाएका जमिनदारको हक समाप्त गर्ने व्यवस्था गरिएको थियो । यस कानुनको प्रभावकारी कार्यान्वयन नगरिएको कारण यो समस्या अझै पूर्णरुपमा सुल्झी नसकेको भए पनि त्यो कानून बन्नुचाँहि सुकुमवासीको हिततर्फ सकारात्मक र खदिँलो कदम थियो ।

भूमि सम्बन्धी ऐन २०२१ को कृषि ऋणको छानविन गर्ने व्यवस्थाले जमिनदार र ठूला किसानहरुसँग ऋण लिए वापत आजीवन र पुस्तैनी त्यस्ता साहु जमिनदार एवं ठूला किसानको कृषिदास वा वधुवा मजदूर सरह जीवन व्यतीत गरी रहेका धेरै सुकुमवासीहरुको उन्मुक्ति भएको थियो । सोको अवशेष दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कमैया प्रथाको रुपमा कायमै रहेकोमा २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरी पुनर्स्थापनको कार्यक्रम सञ्चालन गरिएको थियो । २०६५ भदौ २१ गते पश्चिमी भेगकै हलिया मुक्तिको घोषणा गरिएको थियो । देशको पूर्वी भागका जिल्लामा अझै पनि हरवाचरवा आदि समस्या कायमै छ ।

२०२१ सालमा नेपाल पुनर्वास कम्पनी स्थापना गरी ईजारायली सरकारको सहयोगमा तराईमा योजनावद्ध पुर्नवास कार्यक्रम लागु गरियो । यस अन्तर्गत धेरै नयाँ वन क्षेत्र फँडानी गरी सुकुमवासीलाई बसोबास गराइएको आँकडा रहे पनि यसबाट पनि सुकुमवासी भन्दा गैरसुकुमवासीहरुले फाइदा लिएको देखिन्छ ।

पुनर्वास कम्पनीपछि पञ्चायतकालमै सरकारले खासगरी तराई र भित्री मधेसका जिल्लाहरुमा क्षेत्रीय बसोबास समिति, अञ्चल बसोबास समिति, वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समिति र वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग लगायत अन्य कतिपय नामका निकायहरु गठन गरी सुकुम्वासीको पहिचान तथा बसोबास गरेको क्षेत्र छुट्याउने र सो जग्गा तिनीहरुको नाममा दर्ता गरी दिने गरी कानूनी अधिकार दिइएको थियो ।

२०४६ साल पछाडि सुकुम्वासी समस्या समाधानका लागि विभिन्न कालखण्डमा ८ वटा आयोग गठन भएका छन् । ती आयोगमा १३ जनाले नेतृत्व गरेको देखिन्छ । गठन भएका मध्ये दुईवटा आयोगले अपेक्षित काम गरेका भए पनि अरु आयोगले काम गर्न सकेनन् । अस्थिर सरकार र फितलो कानुनी प्रबन्ध ती आयोगले काम गर्न नसक्नुका मुख्य कारण रहेका छन् ।

**३. भूमि आयोगको गठन र जिम्मेवारी**

भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ ख. को उपदफा (६) बमोजिम नेपाल सरकारबाट भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भई कार्य भईरहेको छ । आयोगको समयावधि ३ वर्ष छ । ३ वर्षमा काम सम्पन्न हुन नसकेमा २ वर्ष थप्न सकिने व्यवस्था छ । भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको आवास र भूस्वामित्व सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था स्थापित गर्न योगदान गर्ने अठोट लिएर आयोगले कार्य गरिरहेको छ ।

आयोगको प्रमुख उद्देश्यमा भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको वास्तविक लगत तयार गरी अभिलेखीकरण गर्ने, आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराइ योजनाबद्ध, एकीकृत र सुरक्षित बस्ती निर्माणमा मद्दत गर्ने, कृषि कर्ममा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई कृषिका लागि जमिन उपलब्ध गराउने वा स्वामित्व कायम गर्ने जोखिम क्षेत्रलगायत कानुनले बस्न वा खेती गर्न नहुने भनी तोकेको स्थानमा बसोबास गरेका वास्तविक भूमिहीन परिवारलाई योजनाबद्ध ढङ्गले स्थानान्तरण गर्ने आदि छन् ।

आयोगले भूमि सम्बन्धी ऐन र नियम अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने जिम्मेवारी पाएको छ । भूमि सम्बन्धी ऐनको आठौं संशोधनमा नै विगतका आयोगहरुका अधुरो कामलाई पुर्णता दिने र देखिएका समस्या समाधान गर्ने प्रावधान समेटिएको छ । समस्या समाधानको लागि स्थानीय, प्रदेश र संघीय सरकार विच सहकार्य र समन्वय गर्ने व्यवस्था छ । आयोगलाई कानुनका महत्वपुर्ण अधिकार प्रदान गरिएको छ । र अन्य ऐनका बाधा अवरोध फुकाइएको छ ।

जग्गा उपलब्ध गराउँदा आवास र कृषि प्रयोजनका लागि फरक फरक क्षेत्रफलको व्यवस्था गरिएको छ भने भूमिहीनलाई निःशुल्क र अव्यवस्थितलाई मूल्य लिएर जग्गा उपलब्ध गराउने र यस्तो मुल्य पनि आर्थिक हैसियत अनुसार फरक-फरक हुने व्यवस्था गरिएको छ । भूउपयोग योजना, एकीकृत आवासजस्ता पक्षलाई ध्यान दिई जग्गा उपलब्ध गराइने नीति लिइएको छ । जोखिम क्षेत्रमा रहेका, बाटो र खोलाको तोकिएको सीमाभित्र, सांस्कृतिक र सामरिक महत्वको क्षेत्रमा जग्गा उपलब्ध नगराउने र त्यस्ता ठाउँमा बसेका भूमिहीनलाई स्थानान्तरणको व्यवस्था छ । जग्गा उपलब्ध गराउँदा सगोलमा रहेका पति र पत्नीको संयुक्त जग्गा धनी प्रमाण पूर्जाको व्यवस्था छ ।

आयोग, प्रदेश सरकार र स्थानीय तहको अधिकार क्षेत्रअनुसारको जिम्मेवारी बाँडफाँट गरिएको छ । भूमिहीन र अव्यवस्थित बसोबासी र तिनले उपयोग गरिरहेको जग्गाको लगत तयारी र प्रमाणीकरणको जिम्मेवारी स्थानीय तहको छ । भूमिहीन र अव्यवस्थित बसोबासीको विवरण र प्राप्त गरेको जग्गाको विवरण सार्वजनिकीकरणको व्यवस्था मिलाइएको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलनको लागि स्थानीय तहले लगत संकलकहरु वस्ती वा घरदैलोमा नै पठाउने गरी प्रबन्ध गरिएको छ । यसका लागि सम्बन्धित वडा तहका जनप्रतिनिधिहरु पनि लगत संकलकको साथमा नै रहनुपर्ने हुन्छ । यसरी संकलन गरिएको लगत फाराम वडा अध्यक्षले सदर गरिसकेपछि वडा कार्यालयमा दर्ता

*बाँकी चार पृष्ठमा*




## *भूमि आयोग : ...*

गरी निवेदन पेश भएको निस्सा उपलव्ध गराउनु पर्ने हुन्छ। यसरी संकलन गरिएको तथ्याङ्क आयोगले तयार पारेको तथ्याङ्क विश्लेषण प्रणालीमा प्रविष्ट गरी वडागत प्रतिवेदन तयार पारी सार्वजनिक सुनुवाई समेत गरी वडा सहजीकरण समिति हुँदै वडा समितिको बैठकले गाउँपालिका वा नगरपालिकाको कार्यालय समक्ष सिफारिश गर्नुपर्ने व्यवस्था छ। वडाबाट प्राप्त सिफारिससहितको प्रतिवेदनमा पुनः पालिकाले १५ दिने सूचना प्रकाशन गरी यस सम्बन्धमा सुनुवाइ गरी अन्तिम प्रतिवेदन तयार पारी आयोगको जिल्ला समितिसमक्ष पेश गर्नुपर्ने हुन्छ।

आयोगले लिएको कार्यप्रक्रिया मुलत समुदायमा आधारित अवधारणा हो। र स्थानीय तह जसलाई घरदैलोको सरकार भनिएको छ। उनिअरुको अगुवाइमा हुनेगरी योजना गरिएको छ। र यो प्रक्रिया सवभन्दा व्यवहारिक देखिएको छ। यो कार्यलाई जग्गाधनी प्रमाण पूर्जा वितरणसम्म पुर्याउने लक्ष्य हो। तर, यस अघि हरेक स्थानीय तहले आफ्नो स्थानीय तहको भूमिहीन दलित कति र ति को को हुन् ? भूमिहीन सुकुम्वासी कति र को-को हुन् ? अव्यवस्थित बसोवासी कति र को-को हुन् ? उनीहरुको हालको वसोवास र जोत कमोतको अवस्था कस्तो छ ? जग्गाको उपभोगको स्थिति के कस्तो छ ? आदि विषयमा एकिन र सही विवरण लिई हरेक स्थानीय तहले प्रतिवेदन बनाई सोलाई कार्यपालिकाको बैठकबाट स्वीकृत गरी नगरपालिका र गाउँपालिकोको वेभसाइटमार्फत समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ। यसो हुँदा हरेक स्थानीय तहको भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको एकिन रेकर्ड प्राप्त हुनेछ।

यसपटक आयोगले तोकिएको फारम भर्ने कार्य बाहेक अरु सबै कार्य जस्तो तथ्याङ्कको प्रविष्ट गराउने, विश्लेषण गर्ने, प्रतिवेदन तयार पार्ने, जग्गाधनी प्रमाण पूर्जा तयार पार्ने आदि सबै कार्य भूमि प्रणाली मार्फत गर्ने गरी प्रबन्ध गरिएको छ। स्थानीय तहमा कार्य गर्दा आउने विभिन्न सवालहरुलाई कानुन र नियमावलीको प्रतिकुल नहुनेगरी सामाजिक न्यायको दृष्टिकोणबाट सहजीकरण समितिको बैठक वसी निरुपण गर्ने गरी प्रबन्ध गरिएको छ।

**४. हालसम्मका उपलब्धीहरु**

आयोगले प्राप्त गरेको जिम्मेवारी सम्पादनका लागि आवश्यक भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका आधार र मापदण्ड, भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको स्थानीय तहवाट लगत संकलन, विगतका आयोग समिति र कार्यदलका अधुरा काम सम्पादन, अनुगमन, गुनासो सुनुवाई र जग्गा वितरण सम्बन्धी ६ वटा कार्यविधीहरु तर्जुमा गरिएको छ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको पहिचान, सत्यापन र प्रमाणीकरणका लागि स्थानीय सरकारको अगुवाई महत्वपूर्ण हुने यथार्थतालाई मनन गरी स्थानीय सरकार र आयोगको जिम्मेवारी स्पष्ट हुनेगरी ७४३ स्थानीय तहसँग समझदारी भई कार्य अघि बढाईएको छ।

समझदारी गरिएकामध्ये लगत संकलनका लागि ५०१ स्थानीय तहको ३५ दिने सूचना प्रकाशन भई बढी समस्या भएका ३१९ स्थानीय तहको लगत संकलन कार्य सम्पन्न भएको छ। स्थानीय तहमा गठन गरिएको सहजीकरण समितिमार्फत परिचालित लगत संकलकबाट २०७८ असार मसान्तसम्ममा भूमिहीन दलित र भूमिहीन सुकुम्वासी २४७,९६० र अव्यवस्थित बसोवासी ९३२,८०१ समेत ११ लाख ८० हजार ७ सय ६१ परिवारको लगत संकलन भएको छ। संकलित लगतको स्थानीय तहले सत्यापन गर्ने कार्य जारी छ।

स्थानीयतहवाट प्राप्त तथ्याङ्कको प्रविष्टि, अव्यवस्थित बसोवासीहरुको वर्गीकरण, मूल्य निर्धारण, वडागत र पालिकास्तरको प्रतिवेदन, फिल्डवुक, स्रेस्ता, पूर्जा आदि तयार गर्न मिल्ने प्रणालीको विकास गरिएको छ। यस प्रणालीमा संकलन गरिएका सबै निवेदनहरु सुरक्षित राख्न सकिनेछ।

हालसम्म २२२ स्थानीय तहबाट १ लाख ५१ हजार ७३० निवेदनहरु प्रणालीमा प्रविष्टि गरिएको छ। विगतका आयोग, समिति वा कार्यदलले वितरण गरेका जग्गाहरुको स्वामित्व, दर्ता श्रेस्ता वा नक्शा प्रमाणित सम्बन्धी ३५ दिने सूचना प्रकाशन भई प्राप्त भएका ४३ हजार ८ सय ५५ निवेदनको छानविन प्रक्रिया शुरु गरी निर्णय गर्ने अवस्थामा पुगेको छ।

११४ स्थानीय तहमा जग्गा नापनक्शाको कार्य सुरु भई पहिलो चरणमा भूमिहीन दलित र भूमिहीन सुकुम्वासी परिवारका लागि जग्गा वितरण कार्यको तयारी अन्तिम अवस्थामा पुगेको छ। यस कार्यमा आयोगको ३७२ र स्थानीय तहबाट २४६ गरि ६१८ जना प्राविधिक जनशक्ति परिचालित भएका छन्। कुल ८३५४ बिगाहा जग्गाको नाप नक्शा भएको छ।

**५. आलोचनात्मक प्रश्न र चुनौतीहरु**

भूमि सम्बन्धी समस्या समााधन आयोगले कामलाई व्यवस्थित रुपमा अघि बढाइरहेको भए पनि यसक्रममा केही नीतिगत र व्यवस्थापकीय चुनौती पनि देखा परेका छन्। भूमि आयोगबाट नागरिकले भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी बाहेकका स्ववासी, बिर्ता, बेनिस्सा आदि समस्याको समाधान पनि आयोगबाट खोजेका छन्। नागरिकता नभएका भूमिहीन सुकुम्बासीका लागि के गर्ने ? भएको जमिन घडेरीका लागि समेत नपुग्ने परिवारलाई कसरी व्यवस्थापन गर्ने ? अव्यवथित बसोवासीको जग्गाको मूल्याकंन कति उपयुक्त छ ? आदि प्रश्नमा छलफल गरेर उचित समाधान निकाल्न आवस्यक देखिएको छ।

आयोग र जिल्ला समितिहरुमा आवश्यक जनशक्ति अपुग छ। कोभिड १९ महामारीको कारण फिल्ड गतिविधिमा केही बाधा पुग्यो। आयोगको जिम्मेवारी अन्तर्गत नापी लगतमा नआएको ठूलो क्षेत्रफल जग्गा नापी गर्नुपर्ने र यसका लागि दक्ष जनशक्ति, उपकरण र स्रोत साधनमा रहेको सीमिततालाई हेर्दा यो कार्य निकै चुनौतीपूर्ण हुने देखिएको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या झट्ट हेर्दा एउटै जस्तो लागे पनि स्थान विशेष अनसुार यसको स्थिति र स्वरुप फरक छ।

भूमिहीन र अव्यवस्थित बसोबासीमा यो समस्या शीघ्र समाधान होस भन्ने आकांक्षा रहेको छ। लामो समयदेखिको समस्या भएको र पटक-पटक प्रक्रिया अघि बढेर पनि समाधान हुन नसकेको अवस्थामा उनीहरुमा यस्तो अपेक्षा हुनु स्वभाविक नै हो। यो आकांक्षा पुरा गर्ने चुनौती पनि आयोगलाई छ।

**६. आयोग विघटनको त्रास**

कानुनी जगमा बनेको आयोग, व्यवस्थित कार्यप्रक्रिया र स्थानीय र प्रदेश सरकारको समेत सहभागितामा कार्य भइरहेको हुँदा यसपटक यो समस्याले निकास पाउने अपेक्षा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीमा पलाएको थियो। स्थानीय तह, भूमिहीन सुकुम्वासीको संगठन समेतको अत्याधिक सहभागितामा अघि बढिरहेको अवस्थामा केही सञ्चार माध्यममा आयोग विघटन भएको भन्ने समचारले खासगरी भूमिहीन र अव्यवस्थित बसोवासी र त्यसका सरोकारवालामा निकै चासो र चिन्ता थपिएको छ।

लगत संकलनको कार्य अन्तिम चरणमा पुगेको, तथ्यांक प्रविष्टिको कार्य जारी रहेको, नापीको कार्य शुरु भएको, स्थानीय तहले यही कार्य गर्नको लागि जनशक्ति भर्ना गरी कार्य गरिरहेको अवस्थामा अहिले सम्म भएको काम फेरि कतै शून्यमा जाने हो कि भन्ने व्यापक चिन्ता देखिन्छ।

आयोगले भदौ मसान्तभित्र लगत संकलनको कार्य सम्पन्न गरी नाप नक्शा भएका स्थानीय तहबाट क्रमश जग्गाधनी पूर्जा वितरण कार्य शुरु गर्ने गरी कामलाई तिब्र बनाएको अवस्थामा विनाकारण आयोग विघट्न गरिएमा सदियौंदेखि अन्यायमा परेका करिब १७ लाख परिवार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको आवास र भुमि प्राप्त गर्ने सपना अधुरो रहनेछ।

हाल आयोगबाट देशभरि भइरहेको काम र संवैधानिक दायित्व र आम उत्पीडित र सीमान्त नागरिकको आधारभुत अधिकारको विषयलाई विचार नगरी सरकारले आयोग विघटन गर्ने कच्चा कार्य गर्ला जस्तो पनि लाग्दैन। दुर्भाग्यवस त्यसो भयो भने लोकतन्त्रको फल कुनै पनि हिसावले गरिव नागरिककोमा पुग्न नदिने सामन्त वर्गहरु खुसी हुनेछन् र लाखौं सुकुम्वासीहरुमा ठूलो निराशा छाउनेछ।

यस कार्यमा स्थानीय सरकारको ठूलो लगानीका साथै अथक मेहेनत परेको छ। यस कार्यमा देशभरका करिब ४ हजार जनप्रतिनिधि र ३ हजार कर्मचारी परिचालित छन्। भूमि अधिकारबाट बञ्चितहरुले अधिकारप्राप्तिको प्रक्रियामा धेरै प्रयास लगाएका छन्।

कुनै पनि आयोगको पात्र भन्दा सोको उद्देश्य हासिल गर्नु महत्पूर्ण हो। सरकारबाट स्थापित लाखौं परिवारको भविश्यसँग जोडिएको संरचना राजनीतिक प्रतिशोधको शिकार बन्नु हुँदैन। यो आयोग विघटन गरेर अर्को गठन गर्ने हो भने पनि यही प्रक्रिया दोहोर्याएर कँही पुगिने होइन।

सही, गलत जे भए पनि सञ्चार माध्यममा आएका समाचारले आयोगको काममा अन्योल थपिएको छ। यसो हुँदा यस विषयमा सरकारको औपचारिक धारणा आउन आवश्यक छ। सरकारले सम्बन्धित मन्त्रालय र आयोगसँग सम्बादका माध्यमबाट अहिलेसम्मका काम, त्यसका प्रगति, चुनौती आदिको समीक्षा गरी यसक्रममा हासिल भएका सिकाई र सवाललाई समेटी आवश्यक नीतिगत प्रबन्ध गर्दै व्यवस्थापकीय चुनौती सम्बोधनका लागि सहयोग गर्नुपर्दछ। भइरहेको कामलाई स्वामित्वमा लिँदै आयोगको संरचना र कार्यादेशलाई अझ बलियो बनाउँदै अहिलेको कामलाई तिब्र बनाएर लैजानु अहिलेको आवश्यकता हो। त्यसैले, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको भविश्यलाई सोचेर, विचार गरेर सरकारले निर्णय लिने र यो अन्योलले सही निकास पाउने अपेक्षा छ।

चतस(देउजा भुमि आयोगका विज्ञ सदस्य हुन्) रातोपाटीबाट




# रोम विधान लागू गर्न माग गर्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षण

**राजविराज**/इन्सेकको अगुवाइमा जिल्लाका अधिकारकर्मी, कानून व्यवसायी, गैससकर्मी र सञ्चारकर्मीले रोम विधान लागू गर्न माग गर्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएका छन्।

सप्तरीका भ०स्प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यमार्फत प्रधानमन्त्रीलाई रोम विधानको पक्षमा ज्ञापन पत्र बुझाउँदै ध्यानाकर्षण गराइएको हो।

ज्ञापनपत्रमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान संसारका विभिन्न १२३ राष्ट्रले अनुमोदन गरिसकेको स्मरण गराइएको छ। रोम विधानअन्तर्गत गठन हुने अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानूनद्वारा परिभाषित युद्धअपराध, आम नरसंहार, मानवताविरुद्धको अपराध जस्ता गम्भीर अपराधमा संलग्न हुने व्यक्तिलाई जवाफदेही बनाउनाको साथै पीडितको न्याय सुनिश्चित गर्ने ज्ञापनपत्रमा उल्लेख छ।

प्रधानमन्त्रीको विशेष ध्यानाकर्षण गर्दै पुन:स्थापिन प्रतिनिधिसभाले २०६३ को साउन ९ गतेका दिन नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न निर्देशनात्मक आदेश जुलाई १७ को अन्तर्राष्ट्रिय न्याय दिवसका अवसरमा नेपालमा विद्यमान दण्डहीनताको अपसंस्कृतिको अन्त्य गर्न, नेपालले अन्तराष्ट्रियस्तरमा गरेको प्रतिवद्धताहरूको सरकारलाई स्मरण गराउन, अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधान सम्मिलन गराउन राज्यको ध्यानाकर्षण गराएको उल्लेख गर्दै राज्यले नेपालको मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि रोम विधानको अनुमोदन गर्न आवश्यक छ भनिएको छ।

# चन्द्र नहरको बाँध कटान हुँदा सयौं घर डुवानमा



**राजविराज**/सप्तरीस्थित चन्द्र नहरको बाँध वर्षाले कटान गर्दा २ सय ५० घर डुवानमा परेको छ ।

नेपालकै पुरानो मध्येका एक सप्तरीको सप्तकोशी नगरपालिकास्थित चन्द्र नहरको बाँध बाढीले कटान गर्दा २ सय ५० घर डुबानमा परेको हो ।

नहरको बाँध फुटेर सप्तकोसी नगरपालिकाका वडा न १, २, ४ र ११ का गरी २ सय ५० घर डुबानमा परेको सप्तकोशी नगरपालिकाका प्रमुख उत्तम गौतमले जानकारी दिएका छन् ।

मंगलबार विहान वर्षा हुँदा उक्त नगरपालिकाको जुटपानी, सत्रापत्र, अमहा, ट्याङ्गा लगायतका खहरे खोलामा आएको बाढीले चन्द्रनहरको बाँध दुई ठाँउमा भत्काएको थियो ।

बाढीले बाँध सँगै नहर छेउको ठूलो सिमलको रुख समेत ढालेर दुई स्थानमा गरी करिब ५० मिटर नहर कटान गरेको छ । यस्तै नगरक्षेत्रका खहरेखोलाको बाढी ओभरफ्लो भई निरन्तर धक्का दिन थालेपछि नहर नै कटान गरी क्षतिग्रस्त बनाएको छ ।

विगतमा पनि सप्तकोसी नगरपालिका ९ कमलपुरमा चन्द्र नहरको बाँधले उच्च वहाव थेग्न नसकि फुटेर करोडौंको क्षति पुऱ्याएको थियो ।

यता जिता नदीको बाढीले जिल्लाकै तिलाठी कोइलाडी गाउँपालिका ७ मंसापुर, वडा नं. ५ बरसाइन र वडा नं. ८ तोपाका करिब सय भन्दा बढी घर डुबानमा पारेको गाउँपालिका अध्यक्ष सतीशकुमार सिंहले जानकारी दिएका छन् ।

## हाम्रो देश नेपाल



**स्वस्तिका गुप्ता**
**कक्षा ७**
**भ्याली भ्यू इङलिस स्कुल, काठमाडौं**

तराई-मधेश, पहाड र हिमाल
हाम्रो देश नेपाल
सगरमाथादेखी हरियो फाँट र वेंसी
हाम्रो देश नेपाल

गण्डकी कोशी कर्णाली
रार फेवा र वेगनास
सबै हुन हाम्रो नेपाल

गजुर सरी सगरमाथा, कञ्चनजंगा
माछापुच्छ्रे हुन् हाम्रो देश नेपाल
सिता, जनक र बुद्ध हुन गौरब
हाम्रो देश नेपाल

भानुभक्त, बाबुराम र विद्यापति
को कृतिले फैलायो यस र कीर्ति
हाम्रो देश नेपाल

# उच्च अदालतद्वारा १ हजार ४ सय मुद्दा फर्छ्योट



**राजविराज**/आर्थिक वर्ष ०७७/०७८ मा उच्च अदालत जनकपुर राजविराज इजलासले ३ हजार १ सय ९१ मुद्दा मध्ये १ हजार ४ सय मुद्दा फर्छ्योट गरेको छ ।

वार्षिक कार्य योजनाको समिक्षा एवं पत्रकारहरुसंगको अन्तरक्रियामा अदालतले आ.ब.०७७/०७८ को कार्य सम्पादनको स्थिती विवरण सार्वजनिक गर्दै ०७७/०७८ मा जनकपुर राजविराज इजलासले जिम्मेवारी सरेको १ हजार ४ सय १० र नयाँ दर्ता १ हजार ७ सय ९२ गरी जम्मा ३ हजार १ सय ९१ मुद्दा मध्ये १ हजार ४ सय मुद्दा फर्छ्योट गरेको जनाएको हो ।

सोही अदालत मातहतका सप्तरी जिल्ला अदालतले जिम्मेवारी सरेको ४ हजार २ सय ७० र नयाँ दर्ता ३ हजार १ सय ६२ गरी जम्मा ७ हजार ४ सय ३२ मुद्दा मध्ये ३ हजार ३६ मुद्दा फर्छ्योट गरेको उच्च अदालत जनकपुर राजविराज इजलासका न्यायाधिश डिल्लीराज आचार्यले जानकारी दिएका छन् ।

यस्तै मातहतका अर्को सिरहा जिल्ला अदालतले जिम्मेवारी सरेको ३ हजार ८ र नयाँ दर्ता ३ हजार ५ सय १८ गरी कुल ६ हजार ५ सय २६ मध्ये ३ हजार २ सय मुद्दा फर्छ्योट गरेको उनले बताए ।

कार्यक्रमम न्यायाधिश आचार्यले अदालत रिट निवेदनमा मुद्दाको कार्यतालिका निर्माण, अदालती सेवाबारे सबै स्थानीय तहमा परिपत्र, कर्मचारीलाई सुचना प्रविधी तथा सेवाग्राही संगको ब्यवहार सम्बन्धि तालिम, अदालतको कामलाई प्रभावकारी बनाउन न्यायाधिशहरुको संयोजकत्वमा विभिन्न समितीको गठन लगायतका काम समेत अघि बढेको जानकारी पनि दिए ।

## अन्तर्राष्ट्रिय समाचार

# चीनको हेनान प्रान्तमा बर्षापछिको बाढी र डुबानका कारण ५६ को मृत्यु

**झेङझाउ**/चीनको मध्य क्षेत्रमा व्यापक बर्षापछि आएको बाढीका कारण मृत्यु हुनेको सङ्ख्या शुक्रबार ५६ पुगेको स्थानीय अधिकारीले बताएका छन् । बाढी पहिरोमा परी अझै सात व्यक्ति हराइरहेको बताइएको छ ।

प्रान्तीय आकस्मिक सेवा व्यवस्थापन विभागका अनुसार झेङझाउ नजिकैको जिङ्गङ सुरुङ मार्गमा मङ्गलबारदेखि पानी पस्दा फसेका कैयौं गाडीहरू अझै उद्धार गरी निकाल्ने क्रम जारी रहेको र मृतक सङ्ख्या अझै बढ्नसक्ने देखिएको छ ।

भूमिगत सडकमा अझै धेरै पानी जमिरहेको र त्यहा थप मृतक फेला पर्नसक्ने सम्भावना रहेको विभागले जनाएको छ । आकस्मिक सेवा जारी रहेको र कतिपय व्यक्तिलाई स्थानीयसमेतको सहयोगमा उद्धार भएको र उपचारका लागि अस्पताल पठाइएकाले प्रभावितको एकीन सङ्ख्या भने अझै आउन नसुकेको विभागले जनाएको छ । एजेन्सी

# असुरक्षित अफगानहरूको लागि आठ हजार थप भिसा दिन अमेरिकी संसदको अनुमति

**वाशिङ्टन**/अमेरिकी हाउस अफ रिप्रिजेन्टेटिभ्सले बिहीबार आठ हजार थप विशेष आप्रवासी भिसा (एसआईभी) दिने सरकारको प्रस्तावलाई अनुमोदन गरेको छ । अफगानिस्तानको युद्धमा अमेरिकी सेनासँग काम गर्ने दोभाषे, ठेकेदार र अन्य कमजोर अफगानी नागरिकसमेतलाई लक्षित गरी थप भिषाको प्रस्तावलाई अनुमोदन गरिएको हो ।

अमेरिकामा अफगानिस्तान द्वन्द्वका क्रममा नेटो सेनासँग सँगै काम गर्ने वा सहयोग गर्ने दुई हजार ५०० अफगानीहरूले असुरक्षाको कारण देखाउँदै अमेरिकामा शरण दिन गरेको निवेदनपछि यो निर्णय आएको हो । त्यस्तै १० हजार अफगानीले तेस्रो मुलुक वा समुद्रपार सैनिक शिविरमा बस्ने व्यवस्था गरिदिन निवेदन दिएका खामा प्रेसले जनाएको छ ।

ह्वाइट हाउसल भर्जिनियाको फोर्ट ली सैन्य अड्डामा सुरक्षा जाँच पूरा गरिसकेको ७५० एसआईभी आवेदक र उनीहरूका परिवारका सदस्यहरूलाई शरण दिने योजना बनाएको छ भने अन्य चार हजार आवेदकहरूलाई उनीहरूको कागजपत्र पुनःरावलोकन गरी सुरक्षित तेस्रो देशमा बसाइने बताइएको छ ।

हालै अमेरिकी सेनाका लागि काम गर्ने एक अफगान दुभाषी सोहेल पारडिसलाई तालिवानले टाउको काटी हत्या गरेका थिए । पारडिस हजारौं अफगान दोभाषेमध्ये एक थिए जसले अमेरिकी सेनाका लागि काम गरे र अहिले तालिवानको कारबाही भोग्नु पऱ्यो । तालिवान समूहले अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता हुने निर्णयसँगै अफगानी तालिवान लक्षित कारबाहीलाई रोकेको छ । यसैबीच तालिवान समूहले अफगानिस्तानका सीमा क्षेत्रका कतिपय जिल्ला आफ्नो कब्जामा लिएको दाबी गरेको छ । एजेन्सी

# लेबनानमा ४० लाखभन्दा बढी मानिसमा पिउने पानीको अभाव : युनिसेफ

**बेरूत**/लेबनानमा १० लाख शरणार्थीसहित करिब ४० लाखभन्दा बढी व्यक्तिले सुरक्षित पानीको पहुँच गुमाउने खतरामा रहेको संयुक्त राष्ट्रसङ्घ बाल कोष (युनिसेफ) ले शुक्रबार बताएको छ ।

यूनिसेफका अनुसार लेबनान्मा बढ्दो आर्थिक सङ्कट, कोषको अभाव, ईन्धन र क्लोरीन र स्पेयर पार्ट्स जस्ता आपूर्तिको अभावका कारण आगामी चार हप्तामा देशभर बिस्तारै पानी पम्प बन्द हुने जोखिम रहेको छ ।

“लेबनानका लागि युनिसेफका प्रतिनिधि युकी मोकुउले भन्नुभयो, “लेबनानको वर्तमान आर्थिक सङ्कटका कारण खानेपानीका उपकरण खरीद प्रक्रिया, मर्मतसुधार, पानीको उचित व्यवस्थापन र वितरण बिद्युतको अभाब र बढ्दो ईन्धन मूल्य लागतको खतराका कारण खानेपानीका स्रोतहरूलाई यथाअवस्थामा राख्न कठिन देखिएको छ । यसले ठूलो जनसङ्ख्या प्रभावित हुनेछ ।”

युनिसेफले सार्वजनिक खानेपानी प्रणाली बिग्रिएमा निजी खानेपानी आपूर्तिकर्ताको लागि पानी जम्मा गर्दा महिनामा पानीको लागत २०० प्रतिशतले बढ्नसक्ने बताएको छ । एजेन्सी



राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# मानवअधिकार समिति गठन

राजविराज/मानवअधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण र प्रत्याभूति गर्ने उद्देश्यले नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको संयोजकत्वमा एक समिति गठन गरिएको छ।

राष्ट्रिय मानवअधिकार आयोगको पहलमा अध्यक्ष देवको संयोजकत्वमा उक्त समिति गठन गरिएको हो।

समितिमा उच्च बार इकाईका अध्यक्ष भरत यादव, गैर सरकारी संस्था महासंघका कार्यबाहक अध्यक्ष बलदेव मण्डल, दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष बौवालाल शर्मा सदस्य छन्।

यस्तै एकल महिला समूहकी अध्यक्ष अनिता देबकोटा, अपांग महासंघका रामचन्द्र यादव, सेभ द सप्तरीका नरेन्द्र यादव, आदिवासी जनजाती पत्रकार महासंघ सप्तरीका अध्यक्ष प्रियासिंह थारु र सामाजिक अभियन्ता सुनिता साहलाई पनि सदस्यमा चयन गरिएको छ।

कोरोनाबाट उत्पन्न बर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैर सरकारी संस्था महासंघ, नेपाल चिकित्सक संघ था मानवअधिकार क्षेत्रमा क्रियाशिल अन्य पेशागत र विषयगत महासंघ तथा संजालका प्रतिनिधी सम्मिलित मानव अधिकार संरक्षण समूहको गठन गरी सहकार्यलाई अझ व्यवस्थित गर्न तथा निषेधाज्ञा/बन्दाबन्दीमा समयमा पनि मानवअधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण र प्रत्याभूतिका उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगको ऐन अनुसार समिति बनाइएको हो।

# पूर्वप्रम डा. भट्टराईको पुतला दहन

राजविराज/विश्व हिन्दु परिषद् सप्तरीले बिहीबार पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईको पुतला दहन गरेको छ।

हिन्दु धर्मको आस्थाप्रति चोट पुऱ्याएको भन्दै पूर्व प्रधानमन्त्री भटराईको पुतला दहन गरिएको जनाइएको छ।

भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगि आदित्यनाथले गंगा नदीमा दुध चढाएको विषयमा पूर्वप्रधानमन्त्री डा. भट्टराईले ट्वीटरमार्फत गरेको टिप्पणीको बिरोध गर्दै परिषद्का अगुवाहरुले पुतला दहन गरेको विश्व हिन्दु परिषद्का सगरमाथा सत्संग विभाग सहसंयोजक जंगबहादुर सिंहले जानकारी दिएका छन्।

डा. भट्टराइले भारत उत्तरप्रदेशका मुख्यमन्त्री आदित्यनाथले गंगा नदीमा दुध चढाउँदै गरेको चित्रप्रति "विश्वास एउटा खतरनाक कुरा हो, यसले तपाईलाई दुध र मुत फ्याक्न प्रेरित गर्छ" भनी ट्वीटरमार्फत गरेका टिप्पणी हिन्दु धर्मप्रति आस्थावानहरुलाई चोट पुऱ्याउने खालको रहेको सहसंयोजक सिंहको दाबी छ।

# हत्या घटनामा संलग्न पाँच आरोपित पक्राउ

राजविराज/एक व्यक्तिको मृत्यु घटनामा संलग्न पाँच जना फरार आरोपितलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा जिल्लाको खडक नगरपालिका ९ बस्ने ३२ वर्षिय नजबुल मियाँ, ५५ वर्षिय मो. कालिस मियाँ, ६० वर्षिय रफुवा मियाँ, ४२ वर्षिय इजराइल मियाँ र ३२ वर्षिय मो. जाकिर छन्।

उनीहरुलाई जिल्लाकै बोदेबरसाइन नगरपालिका ९ स्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

दुई पक्षबीच भएको कुटपिटका क्रममा गत असार २४ गते राती १० बजेतिर आरोपितहरुले लाठी, फटालगायतका घरेलु हतियारले आक्रमण गरि स्थानिय ४२ वर्षिय दाउदलाई गम्भिर घाइते बनाई फरार भएका थिए। सोही राती उनको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो।

स्थानिय दाउद एक म्यानपावर कम्पनिका लागि बैदेशिक रोजगारीमा पठाउने एजेन्टको काम गर्दै आएको तथा भने अनुसारको काम नपाएको तथा विदेशमा आफन्त विचल्लीमा परेको भन्दै कुटपिट गर्दा दाउदको ज्यान गएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ।

### तेस्रो लहरप्रति ...

शय्यालगायत पूर्वाधार तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ।

मन्त्रालयबाट तेस्रो लहर आएर भयाभह स्थिति नआओस् भन्नका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्थामा राख्न अनुरोध गरिएको छ। नेपालमा गत चैत दोस्रो सातादेखि दोस्रो लहरको सङ्क्रमण छ।

### कृषि मन्त्री ....

महासंघका अध्यक्ष देवले मन्त्री साहप्रति धन्यवाद र आभार व्यक्त गर्दै प्राप्त सहयोगको पत्रकारको हकहितमा सदुपयोग गर्ने प्रतिबद्धता जनाए।

नेपाल पत्रकार महासंघ, सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका पूर्व अध्यक्ष शम्भु झा, निवर्तमान अध्यक्ष जितेन्द्र खडगा, पूर्व केन्द्रिय सदस्य अवधेश झा लगायतले पनि मन्त्री साहप्रति धन्यवादसहित आ-आफ्नो धारणा राखेका थिए। कार्यक्रम संचालन सचिव रामनारायण विश्वास तथा धन्यवाद ज्ञापन उपाध्यक्ष बैद्यनाथ यादवले गरेका थिए।

# माओबादी केन्द्रको छिन्नमस्ता गापा भेला सम्पन्न




राजविराज/नेकपा माओबादी केन्द्रले सप्तरीको छिन्नमस्ता गाउँपालिका कमिटीको भेला शनिबार सम्पन्न गरेको छ।

नेपाल कम्युनिष्ट पार्टीका संस्थापक नर बहादुर कर्माचार्यको ८ औं स्मृती दिवसमा सो भेला सम्पन्न गरेको हो।

भेलाबाट जय प्रकाश यादवको अध्यक्षतामा ५१ सदस्यीय छिन्नमस्ता गाउँपालिका कमिटी गठन भएको छ। गठित कमिटीमा राज कुमार यादव, दिपेन्द्र यादव, रामचन्द्र चौधरी, प्रमोद यादव, राम नारायण दास, सत्यदेव मण्डल, मो. सफी रहमान लगायत रहेका छन्।

त्यसै गरी शिक्षकमा संयोजक बिन्दु साह, सहसंयोजक महेश्वर मण्डल, मधेशीमा संयोजक मिथलेश पण्डित, सहसयोजक प्रमोद मण्डल, दलितमा संयोजक रामदेव मुखिया, सहसयोजक योगेन्द्र कामत, महिलामा सयोजक किरण यादव, सहसयोजक सुकमारी सदा, किसानमा सयोजक प्रमोद साफी, युवामा सयोजक रामवाबु झा, सहसयोजक प्रभास यादव, विद्यार्थीमा सयोजक अजित यादव, सहसयोजक राजवासी पण्डित, जन वर्गियमा सयोजक रामचन्द्र मण्डल, सहसयोजक राजदेव साह, साँस्कृतिकमा संयोजक दयानन्द सदा, सहसंयोजक चन्देश्वर साफी, बुद्धिजीवीमा सयोजक सुर्य नारायण यादव, सहसंयोजक जिवछ यादव, मुश्लिममा संयोजक मो मुरतुजालाई जिम्मेवारी दिएको जनाइएको छ।

पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष आशोक कुमार मण्डल, प्रदेश सदस्यद्वय महेशप्रसाद यादव, छेदी रजक, प्रदेश सांसद प्रमिला यादव, जिल्ला सदस्य बैजनाथ यादव, प्रेस संगठनका कार्यालय सदस्य देवराम यादव, अनेरास्ववियू सप्तरीका पुर्व जिल्ला अध्यक्ष मकसुधन यादव, जिल्ला ईन्चार्य जेपी यादव लगायतले श्रद्धाञ्जली दिएका थिए।

NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

अनुरोधकर्ता : रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ
तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ
हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं
मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं
नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौ

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np